## बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७९ साल असोज २८ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | गत आ.व. २०७८/७९ मा नव प्रवर्तन साझेदारी कोष कार्यक्रमको लागि सम्झौतामा उल्लिखित कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिई रकम निकासा गरिएकोमा आर्थिक वर्ष २०७८/७९ मा खर्च गरी बाँकी भएको रकम र यस आर्थिक वर्ष २०७९/८० मा निकासा गर्नुपर्ने रकम समेत गरी यसै साथ संलग्न अनुसूची-१ बमोजिमका सात स्थानीय तहमा उल्लिखित कूल रकम रु.८,६२,२०,४८१.७० आर्थिक वर्ष २०७९/८० मा खर्च गर्ने गरी सम्बन्धित स्थानीय तहलाई अख्तियारी प्रदान गर्ने । |
| २. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालय, हेटौंडाको प्रमुखको रूपमा कार्यरत अधिकृतस्तर एघारौं श्री रविन्द्र बहादुर प्रधान (क.सं.नं.१४६३८२) लाई मिति २०७९/०७/०६ देखि लागू हुने गरी अनिवार्य अवकाशको जानकारी पत्र प्रदान गर्ने । |
| ३. | प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा निर्वाचन आयोगबाट जारी भएको आचार संहिता प्रभावकारी रूपमा पालना गर्न गराउन मातहतका निकायहरू र सोमा कार्यरत सम्पूर्ण कर्मचारीलाई निर्देशन दिने र अन्य सरोकारवाला सबैमा आचार संहिता पालना गर्न अनुरोध गर्ने । |
| ४. | मालपोत कार्यालय र नापी कार्यालयहरूलाई जम्मा चार करोड तेह्र लाख चार हजार रुपैयाँ प्रचलित कानून बमोजिम अख्तियारी प्रदान गर्न स्वीकृति दिने । |
| ५. | युवा तथा खेलकुद मन्त्रालयका सचिव श्री ध्रुव गैडा तथा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव श्री सुर्य लाल भण्डारीलाई अस्ट्रेलियाको ब्रीसबनमा नोभेम्बर ५-११ सम्म हुने Virtus Oceania Asia Games 2022 (OA Games 2022) मा सहभागिताका लागि स्वीकृति दिने । |
| ६. | युवा तथा खेलकुद मन्त्रालयका सचिव श्री ध्रुव गैडा तथा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव श्री सुर्य लाल भण्डारीलाई जर्मनीको बनमा नोभेम्बर १६-१८ मा हुने अन्तर्राष्ट्रिय पारालिम्पिक कमिटीको विधान सम्मेलनमा सहभागिताका लागि स्वीकृति दिने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७९ साल असोज ६ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश लोक सेवा आयोग, नीति तथा योजना आयोग, प्रदेश सुशासन केन्द्र, मुख्यन्यायधिवक्ता लगायत यस्तै प्रकृतिका अन्य निकाय समेतको पारिश्रमिक, सेवा र सुविधा सम्बन्धमा विस्तृत अध्ययन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रतिवेदन पेश गर्न कार्यदल गठन गर्ने । |
| २. | प्रदेश विकास परिषदको सदस्यहरू मनोनयन गर्ने । |
| ३. | भौतिक पूर्वाधार विकास राज्यमन्त्री माननीय श्री सन्त बहादुर प्रजालाई प्रदेश सरकार र नेपाल सरकारलाई आर्थिक भार नपर्ने गरी WORLD MISSIONS OUTREACHORGANIZATION (WMOO)- USA द्वारा मिति १५ अक्टोबर २०२२ मा अमेरिकाको टेक्सास राज्यको ग्राण्ड पेरी भन्ने स्थानमा आयोजना गर्न लागेको ANNUAL GALA EVENT मा सहभागिताका लागि मिति २०७९।०६।२६ देखि २०७९।०७।०२ गते सम्मको अमेरिकाको भ्रमण स्वीकृत गर्ने तथा निजलाई कूटनीतिक राहदानी उपलब्ध गराउनका लागि नेपाल सरकारलाई अनुरोध गर्ने । |
| ४. | "प्रदेश पर्यटन ऐन, २०७८" को केही अनुसूचीहरू हेरफेरको प्रस्ताव स्वीकृत गर्ने। |
| ५. | "प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश" र "प्रदेश पोल्ट्री विकास बोर्डको स्थापना सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश" जारी गर्न नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने । |
| ६. | प्रदेश सरकारको तीस प्रतिशत र सहकारी/निजी क्षेत्रको सत्तरी प्रतिशत लागत साझेदारीमा कृषि औजार कारखाना स्थापना गर्न अग्रिम कारबाही चलाउन नीतिगत स्वीकृति दिने । |
| ७. | १. मानबनिर्मित पर्यटकीय ताल निर्माण, जिरी न.पा ५, दोलखालाई बागमती प्रदेश सरकारको गौरबको आयोजनाको रुपमा स्वीकृत गरी कार्यन्वयन गर्ने।<br>२. आगामी आ. व. को संघीय सरकारको समपुरक अनुदानमा यस आयोजनालाई समाबेश गर्नको निम्ति राष्ट्रिय योजना आयोग मार्फत नेपाल सरकारलाई प्रस्ताव गर्ने। |
| ८. | "प्रदेश हस्तकलाग्राम अध्यादेश, २०७९" जारी गर्न नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने । |
| ९. | "प्रादेशिक व्यापार तथा औद्योगिक व्यवसाय सम्बन्धी केही ऐन संशोधन गर्न बनेको अध्यादेश, २०७९" जारी गर्न नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७९ साल असोज ३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बजेट उपशीर्षक अन्तर्गत भरतपुर महानगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि सशर्त अनुदान क्रियाकलापमा विनियोजित रु १० करोड, आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत भरतपुर महानगरपालिकालाई एक किस्तामा सशर्त अनुदान उपलब्ध गराउने । |
| २. | भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको यातायात पूर्वाधार निर्देशनालय, बागमती प्रदेश, हेटौंडामा नेपाल इन्जिनियरिङ्ग सेवा सिभिल समूह जनरल/हाइवे उप-समूहको अधिकृत दशौं तहमा कार्यरत सि.डि.ई. श्री लोकनाथ रेग्मीलाई प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा २३ को उपदफा (१) बमोजिम बढीमा छ महिनाको लागि निर्देशक (विभागीय प्रमुख) को पदमा कायम मुकायम मुकरर गर्ने । |